विधेयक संख्याः

# मानव शरीर जलन नियन्त्रण तथा सजाय सम्बन्धि व्यवस्था गर्न बनेको गैरसरकारी विधेयक

## २०८१

**संघीय संसद सचिवालय**

**संसद भवन**

**सिंहदरबार, काठमाण्डौ**

# उद्देश्य र कारण

जलनका घटनाहरु अति संवेदनशील, पीडादायी र ज्यादै उपेक्षित विषय हो । जलनका यस्ता घटनाहरु प्राकृतिक प्रकोप, आपराधिक क्रियाकलाप, दुर्घटनावश तथा लापरवाहीजन्य काम कारवाहीबाट घट्ने गरे तापनि धेरै जसो घटनाहरु अपराधसँग जोडिएको पाइन्छ । प्राकृतिक जलनका घटनालाई न्यूनीकरण गर्न र आपराधिक तवरबाट जलनका घटना घटाउने व्यक्तिलाई हदैसम्मको सजाय दिई पीडितलाई क्षतिपूर्ति तथा आवश्यक उद्धार, उपचार, राहत, क्षतिपूर्ति र योग्यता अनुसारको रोजगारीको व्यवस्था गरी समाजमा सम्मानजनक जीवन यापनको व्यवस्था गर्न राज्यको दायित्व सिर्जना गरी यो विधेयकको टड्कारो आवश्यक्ता रहेको महशुस हुन्छ ।

जलन पीडितका सम्बन्धमा विद्यमान नेपाल कानुनमा विशेष एवं प्रभावकारी व्यवस्थाको अभाव रहेकोले र सरकारको तर्फबाट तत्काल यस सम्बन्धि विधेयक संसदमा नल्याइएको कारणबाट जलन पीडित नागरिकहरु थप अन्याय र पीडा सहन विवश र बाध्य भइरहेको अवस्था छ ।

जलन पीडितहरु धेरैजसो बिपन्न वर्ग र पिछडिएका क्षेत्रको समेत हुने गरेको पाइएको छ । यस्ता घटनाहरुलाई न्यूनीकरण गरी तत्काल उद्दार, उपचार, राहत र पुनर्स्थापनाको प्रभावकारी कानुनी व्यवस्था गरी पीडितको लागि विशेष आर्थिक राहत कोषको समेत व्यवस्था प्रभावकारी गर्न कानुनका निर्माण अत्यावश्यक भएकोले यो "मानव शरीर जलन नियन्त्रण तथा सजाय सम्बन्धि व्यवस्था गर्न बनेको गैरसरकारी विधेयक, २०८१" गैरसरकारी विधेयकको रुपमा पेश गरिएको छ ।

**प्रतिनिधि सभा सदस्य**

१. विन्दबासिनी कांसकार
२. डा. चन्दा कार्की
३. डोल प्रसाद अर्याल
४. लक्ष्मी तिवारी
५. डा. तोसिमा कार्की
६. अशोक कुमार चौधरी
७. शिशिर खनाल
८. निशा डाँगी
९. मनिष झा
१०. सुमना श्रेष्ठ
११. हरि ढकाल
१२. शिव नेपाली
१३. गणेश पराजुली
१४. सोवीता गौतम

# विधेयकको सैद्धान्तिक अवधारणा

मानव शरीर जलन सम्बन्धि घटनाबाट पीडित नागरिकहरुको लागि उद्धार, उपचार र राहत सम्बन्धि विषयमा विद्यमान ऐनहरुमा कुनै पनि प्रभावकारी र विशेष कानुनहरु नभएकोले मानव शरीर जलन नियन्त्रण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको विधेयक ल्याउन अत्यावश्यक छ ।

जलन पीडितलाई राज्यले राहत पुर्याउन, जलन सम्बन्धि घटना घटाउनेलाई कारवाही गर्न, यस्तो घटनाबाट हुने हानी नोक्सानीप्रति जवाफदेही एवं उत्तरदायी बनाई, क्षतिपूर्ति भराउन र पीडकलाई कडा सजाय गरी यस्ता घटनालाई निरुत्साहित गर्न आवश्यक नीति र संयन्त्र विकास गर्नको लागि यो कानुन निर्माण गरी लागु गर्न जरुरी छ ।

यस्तो अवस्थामा मानव शरीर जलन सम्बन्धि ऐन ल्याई यस्ता घटनालाई नियन्त्रण गर्न, पीडितलाई पूर्ण न्याय दिई दोषीलाई कारवाहीको दायरामा ल्याउनको लागि अन्य कानुन अपुरो भएकोले यो विशेष कानुन निर्माणार्थ प्रस्तुत गरिएको छ ।

# आर्थिक टिप्पणी

आर्थिक विपन्नताका कारण राहत, उद्दार र उपचार समयमा पाउन नसकेकोले वार्षिक हजारौंको संख्यामा नेपालमा जलन पीडितहरुले ज्यान गुमाइराखेको अवस्था सरकारी तथ्याङ्कले देखाएको छ । हाल यस्ता पीडितहरुले आफ्नो उपचार र पुनर्स्थापनाका लागि व्यक्तिगत रुपले खर्च गरिरहेको र राज्यले खासै कुनै व्ययभार नबोकेको अवस्था छ । प्रस्तुत विधेयकमा मानव शरीर जलनको घटनाबाट पीडितहरुको आपतकालीन राहत, उद्दार, उपचार, सामाजिक प्रतिस्थापनको खर्चका निमित्त यस ऐनको दफा १६ ले जलन पीडित राहत कोषको परिकल्पना गरेको छ । सो प्रावधान अनुसार उपरोक्त विषयमा राज्यले सहायता गर्ने र पर्न आउने आर्थिक व्ययभार सरकारी कोष मार्फत बहन गर्नु पर्नेछ । अवस्था अनुसार विभिन्न सम्बन्धित निकाय वा संस्थाबाट असुलउपर गरी रकमको व्यवस्था गर्नु पर्ने हुँदा प्रधानमन्त्री ज्यूको अध्यक्षतामा एउटा जलन पीडित राहत कोष स्थापना गरी त्यसका लागि बजेट विनियोजनको लागि अनुरोध गरिन्छ ।

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धि टिप्पणी

ऐनको दफा २३ अन्तर्गत पीडितहरुको मानसिक स्वास्थ्य, रोजगारी र शिक्षाको व्यवस्थामा राज्यको तर्फबाट राहत तथा सुविधा प्रदान गर्नको लागि मापदण्ड बनाउन निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ । त्यसैगरी ऐनको दफा २४ मा यस ऐनको उद्देश्य प्राप्ति, प्रावधानहरुको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक पर्ने नियम, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्ने व्यवस्था गरिएको छ ।

# व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "मानव शरीर जलन नियन्त्रण तथा सजाय ऐन २०८१" रहेको छ र यो ऐन तुरुन्त लागु हुने छ भनी व्यवस्था गर्न । |
| २. | परिभाषा | विधेयकमा प्रयोग भएका शब्दावलीहरु स्पष्ट गरी परिभाषित गर्न । |
| ३. | अनुमति लिनुपर्ने | जलनशील पदार्थको उत्पादन, सङ्कलन, भण्डारण, ढुवानी, व्यवसाय तथा कारोवार गर्न अघि पुर्व अवस्थाबारे जानकारी लिन र मापदण्ड अनुसार भए नभएको तय गर्न । |
| ४. | जलन अनुगमन तथा नियन्त्रण समिति | जलन सम्बन्धि सम्पूर्ण विषयका अतिरिक्त स्थानीय तहदेखि अनुगमन तथा नियन्त्रण गर्न जिल्ला स्तरीय समिति बनाउन। |
| ५. | केन्द्रीय जलन अनुगमन तथा नियन्त्रण समन्वय समिति | जिल्ला स्तरीय समितिद्वारा गरिएको कामको नियमित अनुगमन गर्न । |
| ६. | जलनशील पदार्थको उत्पादन र भण्डारण गर्नेको दायित्व | जलनशील पदार्थको उत्पादन र भण्डारण गर्ने निकायको दायित्व ऐनमा प्रष्ट गर्नका साथै कानुनी वाध्यता सिर्जना गरेमा हुन सक्ने जलन सम्बन्धि जोखिमबाट रोकथाम गर्न। |
| ७. | जलनशील पदार्थको कारोवार तथा प्रयोग गर्ने व्यावसायीको दायित्व | जलनशील पदार्थको कारोवार तथा प्रयोग गर्ने ब्यावसायीको दायित्व सिर्जना गरेमा जलनशील पदार्थको कारोवारमा संलग्न व्यक्तिहरुमा हुन सक्ने जलन सम्बन्धि जोखिमको रोकथाम गर्न। |
| ८. | विद्युत प्राधिकरण र नेपाल आयल निगमले अपनाउनुपर्ने सावधानी दायित्व | विद्युत प्राधिकरण र नेपाल आयल निगमले काम कार्य गर्दा दायित्व सिर्जना गरेमा त्यसबाट सर्वसाधारण तथा संलग्न व्यक्तिहरुमा वा व्यक्तिहरुद्वारा हुनसक्ने जलन सम्बन्धि जोखिमको रोकथाम गर्न । |
| ९. | एल पी ग्यास उद्योग व्यवसायीको दायित्व | एल पी ग्यास उद्योग व्यवसायीको दायित्व सिर्जना गरेमा एल पि ग्यास उत्पादन, प्रशोधन, प्याकिंग भण्डारण, तथा ग्यासजन्य पदार्थ राख्ने सम्बन्धि कार्यमा संलग्न व्यक्तिहरुमा वा व्यक्तिहरुद्वारा हुनसक्ने जलन सम्बन्धि जोखिमको रोकथाम गर्न । |
| १०. | अन्य निकायले अपनाउनु पर्ने सावधानी र दायित्व | ऐनले तोके बाहेक अन्य निकायहरुबाट पनि जलन सम्बन्धि कार्य हुने हुँदा सो निकायहरुलाई पनि कानुनी दायित्वले |

| | | |
|---|---|---|
| | | बाँधेमा संलग्न व्यक्तिहरुमा वा व्यक्तिहरुद्वारा हुनसक्ने जलन सम्बन्धि जोखिमको रोकथाम गर्न । |
| ११. | प्राविधिक विषयको काम गर्ने निकाय, कम्पनी, कर्मचारी र कामदारको दायित्व | जलन निम्त्याउन सक्ने विभिन्न प्राविधिक क्षेत्रमा संलग्न व्यक्तिहरुमा वा व्यक्तिहरुद्वारा हुनसक्ने जलन सम्बन्धि जोखिमको रोकथाम गर्न । |
| १२. | खानी तथा रसायन सम्बन्धि व्यवसाय गर्नेको दायित्व | खानी तथा रसायन सम्बन्धि व्यवसाय गर्नेको दायित्व सिर्जना गरेमा सो सम्बन्धि कार्यमा संलग्न व्यक्तिहरुमा वा व्यक्तिहरुद्वारा हुनसक्ने जलन सम्बन्धि जोखिमको रोकथाम गर्न । |
| १३. | डढेलो र आगलागीबाट हुने जलन सम्बन्धि दायित्व | डढेलो र आगलागीबाट धेरै घटना घट्ने हुँदा कानुनी दायित्व सिर्जना गरेमा सो कारणबाट हुनसक्ने जलन सम्बन्धि जोखिमको रोकथाम गर्न । |
| १४. | जलन पीडित उपचार र आकस्मिक सेवा | जलन सम्बन्धित घटनामा प्राथमिक उपचार निकै आवश्यक हुने हुँदा जिल्ला स्तरीय अस्पताल र अन्य अस्पताललाई जलन सम्बन्धित उपचार गर्न दक्ष बनाई जलनबाट हुन सक्ने मानवीय शारीरिक क्षति कम गर्न । |
| १५. | जलन बीमा | जलनको क्षतिले निम्त्याउन सक्ने आर्थिक भार कम गर्न । |
| १६. | जलन पीडित राहत कोषको स्थापना | जलन सम्बन्धि घटनामा सरकारको पनि दायित्व हुने हुँदा कोष बनाई देशभर हुने जलनको घटनाबाट प्रभावित पीडितलाई सेवा सुविधा प्रदान गर्न । |
| १७. | राहत कोषको आर्थिक स्रोत | राहत कोषको आर्थिक स्रोत ऐनमा खुलाई कोषको कार्यान्वयनमा सहजता पुर्याउन । |
| १८. | कसुर गरेको मानिने | ऐनले गर्न निषेधित गरेका कार्य गरेमा सजाय तोक्न । |
| १९. | सजाय | ऐनको प्रभावकारी कार्यन्वयन र पालना गर्न गराउन तथा कानुनको उल्लंघन गर्नेलाई सजाय को व्यवस्था गर्न । कसुरको प्रकृति हेरी सजायको प्रस्ताव गर्न । |
| २०. | मुद्दा दायर गर्ने हदम्याद सम्बन्धि व्यवस्था | मुद्दाको हदम्याद लाग्ने समयावधि तोक्न । |
| २१. | क्षतिपूर्ति सम्बन्धि व्यवस्था | ऐन विपरित काम गरेमा क्षतिपूर्ति दिलाउने व्यवस्था गर्न । |
| २२. | जलन रोकथाम र निवारण सम्बन्धि सचेतना | जलनबाट हुनसक्ने जोखिमको रोकथाम र निवारण सम्बन्धि सबैमा चेतना दिन आवश्यक भएकाले व्यवस्था गर्न । |

| | | |
|---|---|---|
| २३. | मानव शरीर जलनको जोखिम नियन्त्रण र सावधानी सम्बन्धि कार्यक्रम | जलनबाट हुनसक्ने जोखिमको नियन्त्रण र सावधानी सम्बन्धि कार्यक्रम संचालनको ऐनमै व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्न । |
| २४. | नियम बनाउन सक्ने | ऐनको अधिनमा रही प्रत्यायोजित व्यवस्थापनको सिद्धान्त अनुरुप ऐनको प्रभावकारी कार्यन्वयन गर्न नियम बनाउने अधिकार नेपाल सरकारलाई प्रत्यायोजन गर्न । |
| २५. | निर्देशन दिन सक्ने | मानव जलन सम्बन्धि रोकथाम र व्यवस्थापन गर्दा सरकारले देश र जनताको हितलाई मध्यनजर गरी सार्वजनिक हितका लागि विभिन्न निर्णयहरु गर्नुपर्ने अवस्था सिर्जना हुन सक्ने भएकाले । |
| २६. | यसै ऐन बमोजिम हुने | यस  यस ऐनमा उल्लेख गरिएका कसुरजन्य घटनाको हकमा यसै ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । |

# मानव शरीर जलन नियन्त्रण तथा सजाय सम्बन्धि व्यवस्था गर्न बनेको गैरसरकारी विधेयक २०८१

**प्रस्तावनाः**

मानव शरीर जलन सम्बन्धि घटनालाई नियन्त्रण गरी जुनसुकै प्रकारका जलन पीडितलाई तत्काल उद्दार,उपचार र राहत दिलाई यस्ता घटनामा संलग्न हुनेलाई कानुनी कारवाहीको दायरमा ल्याई पीडित र तिनका परिवारका लागि राहत तथा उद्दारको समेत व्यवस्था गरी पीडितलाई क्षतिपूर्ति समेतको कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले ,

संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"मानव शरीर जलन नियन्त्रण तथा सजाय ऐन २०८१"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **"आकस्मिक स्वास्थ्य सेवा"** भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ मा परिभाषा गरिएको आकस्मिक स्वास्थ्य सेवा समेतलाई जनाउँछ ।

(ख) **"ग्यास"** भन्नाले घरायसी प्रयोगमा उपभोक्ताले प्रयोग गर्ने तथा उत्खनन्बाट उत्पादन हुने ग्यास र रासायनिक पदार्थबाट उत्पादन गरिने ग्यास लगायत सबै प्रकारका ग्यासलाई जनाउँछ ।

(ग) **"जलन"** भन्नाले ग्यास, मट्टीतेल, तेजाब, बिजुली, पेट्रोल, डिजेल, आगो, रसायन पदार्थहरू, पोल्न सक्ने र पड्किन सक्ने कुनै पनि पदार्थ र वस्तुहरुबाट शरीरको कुनै वा सबै अंग जल्ने, पोल्ने वा घाउ हुने, खत बस्ने, रुप परिवर्तन हुने, टुट्ने, अपाङ्ग हुने, अंग भङ्ग हुने लगायत मानव शरीरमा हुन जाने हानी नोक्सानीको कार्यलाई समेत बुझ्नु पर्छ।

(घ) **"जलनपीडित"** भन्नाले जलनका कारणले शारीरिक, मानसिक, भावनात्मक र आर्थिक पीडा भोग्नु परेको पीडित स्वयं र निजको एकाघरका सदस्य समेतलाई जनाउनेछ ।

(ङ) **"जलन सम्बन्धि अपराध"** भन्नाले यस ऐन अन्तर्गतको अपराधलाई सम्झनुपर्छ।

(च) **"जलनशील पदार्थ"** भन्नाले ग्यास, पेट्रोल, डिजेल, मट्टीतेल, तेल, घिउ, विद्युत, कोइला, तातो पानी, तातो बाफ, तातो झोल पदार्थ, रेडियोएक्टिभ वस्तु, अन्य जलनजन्य वस्तु तथा प्रचलित कानूनले अति प्रज्वलनशील पदार्थ भनी तोकेको पदार्थ समेतलाई सम्झनु पर्छ ।

(छ) **"तेजाब"** भन्नाले तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमन ऐन, २०७९ मा गरिएको परिभाषालाई समेतलाई सम्झनु पर्छ ।

(ज) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बन्ने नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) **"दैवी प्रकोप"** भन्नाले दैवी प्रकोप (उद्धार) ऐन, २०३९ मा परिभाषा गरिएको दैवी प्रकोप समेतलाई जनाउँछ ।

(ञ) **"पुनर्स्थापना"** (रिहाबिलिटेसन) भन्नाले उपचार, थेरापी र चिकित्सकीय सहायक सेवाहरूको प्रयोगद्वारा जलन पीडितहरूको शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्यलाई पुनर्स्थापित गरिने कार्यलाई सम्झनु पर्छ ।

(ट) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(ठ) **"रसायनिक पदार्थ"** भन्नाले तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमन ऐन, २०७९ मा परिभाषा गरिएको रसायनिक पदार्थ समेतलाई जनाउँछ ।

(ड) **"राहत कोष"** भन्नाले यस ऐनको दफा १५ बमोजिमको राहत कोष सम्झनु पर्छ ।

(ढ) **"विष्फोटक पदार्थ"** भन्नाले कुनै पनि रसायन, बारुद वा अन्य रसायनयुक्त बिष्फोटक पदार्थको सम्मिश्रणबाट बनेको पदार्थ प्रयोग गरी सडक, भवन, चट्टान फोड्ने, भत्काउने काममा प्रयोग गरिने पदार्थ र प्रचलित कानुनले बिष्फोटक पदार्थ भनी परिभाषा गरेको पदार्थ समेत सम्झनु पर्छ ।

## परिच्छेद-२
## अनुमति लिनुपर्ने

३. अनुमति लिनु पर्ने :

(१) जलनशील पदार्थको उत्पादन, संकलन, भण्डारण, ढुवानी, व्यवसाय तथा कारोवार गर्न तोकिए अनुसारको विवरण पेश गरि तोकिएको निकायबाट अनुमती लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त अनुमति प्रत्येक वर्ष तोकिए बमोजिम नवीकरण गर्नु पर्नेछ।

## परिच्छेद-३
## जलन अनुगमन तथा नियन्त्रण समिति

४. जलन अनुगमन तथा नियन्त्रण समितिः

(१) यस ऐनले निषेध गरेको मानव शरीर जलन सम्बन्धि पदार्थको कारोवार एवं क्रियाकलापको नियन्त्रण र जिम्मेवारीको सुनिश्चितता का लागि प्रत्येक जिल्लामा देहाय बमोजिम जलन अनुगमन तथा नियन्त्रण सम्बन्धि समिति गठन गरिने छ ।

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) जिल्ला समन्वय समितिको प्रतिनिधि - सदस्य

(ग) जिल्ला प्रहरी प्रमुख - सदस्य

(घ) जिल्ला स्थित उपभोक्ता मञ्चका प्रतिनिधी - सदस्य

(ङ) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको वरिष्ठ प्रशासकीय अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) अनुसार गठन हुने समितिको काम कर्तव्य र अधिकार देहाय अनुसारको हुनेछः

(क) जिल्लाभित्र रहेका निजी र सरकारी स्तरमा सञ्चालन र प्रयोगमा रहेका जलनशील पदार्थको उत्पादन, उत्खनन, भण्डारण, व्यवसाय, कारोवार आदिको विवरण संकलन गर्ने र जलनशील पदार्थको प्रयोगको मापदण्डको पालना गरे नगरेको अनुगमन गर्ने,

(ख) जिल्लाको विभिन्न भागमा विभिन्न कारणबाट हुने र घट्ने जलन सम्बन्धि घटना, दुर्घटना र त्यस्ता घटनाका पीडितहरुको संख्या तथा तिनको अवस्थाको विवरणको अभिलेख तयार पारी प्रत्येक ६ महिनामा त्यसको जानकारी संघीय गृह मन्त्रालयमा पेश गर्ने,

(ग) जलनका घटनाको कारण र त्यसको न्यूनीकरणमा प्रभावकारी नीति निर्माणको लागि नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(घ) जिल्लाभित्र जलनको घटनामा परेका जलन पीडित व्यक्तिलाई प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्न र उपचारका लागि विशेषज्ञ चिकित्सकको सेवाको पहुँचमा पुर्याउने जिम्मेवारीमा सरकारी निकाय एवं अन्य संघ, संस्थाहरुसँग सहकार्य गर्ने,

(ङ) जलन पीडित व्यक्तिलाई प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्नको लागी प्रभावकारी व्यवस्था मिलाउने,

(च) जलनका घटना घटे लगत्तै जिल्लास्थित सेना, प्रहरी आदि सुरक्षा निकाय परिचालन गरी आपतकालिन उद्दारका कार्यहरु गर्ने र आगलागी नियन्त्रण गर्ने आवश्यक कार्य गर्न,

**५. <u>केन्द्रीय जलन अनुगमन तथा नियन्त्रण समन्वय समितिः</u>**

(१) जिल्लास्तरीय जलन अनुगमन तथा नियन्त्रयण समितिको अनुगमन तथा नियन्त्रणका कार्यलाई सहजीकरण गर्न गृह मन्त्रालयका सह-सचिवको संयोजकत्वमा देहाय बमोजिमको केन्द्रीय समिति रहनेछ।

| | |
|---|---|
| (क) सह-सचिव, गृह मन्त्रालय | संयोजक |
| (ख) प्रतिनिधि, विपद् व्यवस्थापन विभाग | सदस्य |
| (ग) प्रतिनिधि, रक्षा मन्त्रालय | सदस्य |
| (घ) प्रतिनिधि, स्वास्थ्य मन्त्रालय | सदस्य |

(२) समितिको काम, कर्तव्य, अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>जलन सम्बन्धि व्यवसाय र कारोवारमा संलग्न हुनेको दायित्व</u>

**६. <u>जलनशील पदार्थको उत्पादन र भण्डारण गर्नेको दायित्वः</u>**

(१) जलनशील पदार्थको उत्पादन र भण्डारण लगायतका व्यवसाय र कारोवारमा संलग्न हुने पेट्रोलियम पदार्थ तथा ग्यास र त्यस्तै अन्य जलनशील पदार्थहरु उत्पादन गर्ने, संकलन गर्ने, भण्डारण गर्ने र यस्तै कारोबारको व्यापार व्यवसाय वा बिक्री वितरण गर्नेले देहाय बमोजिमको सुरक्षाका मापदण्ड अपनाउनु पर्नेछ ।

(क) पेट्रोलियम पदार्थ, ग्यास लगायतका जलनशील पदार्थहरु उत्पादन गर्न इजाजत पाएका व्यक्ति, संघ-संस्था वा कम्पनीले त्यस्तो कार्यका लागि प्रयोग हुने क्षेत्र, कम्पाउण्ड, भवन, जमिन वा अन्य कुनै पनि किसिमका संरचनामा गरिने कार्यबाट हुन सक्ने सम्भावित घटनाको जोखिमबाट छिमेकी, बस्ती र वातावरणमा नोक्सान नहुने गरी तोकिए अनुसारको सुरक्षाका मापदण्ड अबलम्बन गर्नु पर्नेछ ।

(ख) आफ्नो कम्पनी वा उद्योग व्यवसायमा काम गर्ने सबै श्रमिकलाई सम्भावित दुर्घटना वा घटनाबाट सुरक्षित राख्नका लागि अवलम्बन गरिने मापदण्डहरु पुरा गर्नुपर्नेछ

(ग) यस ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमावली, विनियमावली, भएका आदेश, मापदण्ड विपरितका जलनशील वा विस्फोटक पदार्थ वा रसायनिक पदार्थको बिक्री वितरण वा कारोबारको क्रममा त्यस्तो जलनशील पदार्थ बिस्फोट भई वा घटना घटी कसैको जिउज्यानमा हानी नोक्सानी वा खति हुन गएमा सो वापत त्यस्ता व्यापार, व्यवसाय वा कारोबारमा संलग्न रहने व्यक्ति, कम्पनी वा संस्थाले त्यसको क्षतिपूर्ति बहन गर्नु पर्नेछ।

## ७. <u>जलनशील पदार्थको कारोवार तथा प्रयोग गर्ने व्यवसायीको दायित्व :</u>

(१) जलन सम्बन्धि कारोबार वा व्यवसायमा संलग्न हुने व्यक्ति, कम्पनी, व्यवसायी वा व्यापारीले आफु वा आफ्नो मातहतमा काम गर्ने कामदार तथा कर्मचारीलाई जलनशील वा विस्फोटक पदार्थको कारोवार गर्दा अपनाउनु पर्ने सावधानीको बारेमा सुरक्षा सम्बन्धि तालिम दिएर मात्रै काममा लगाउनु पर्नेछ ।

(२) जलनशील पदार्थको कारोवार र व्यवसाय गर्न इजाजत प्राप्त व्यक्ति, संस्था वा कम्पनीले इजाजत प्राप्त गरेको वस्तु वा पदार्थ तोकिएको प्रयोजन बाहेक अन्य तरिकाले प्रयोग एवं विक्री वितरण समेतको कार्य गर्न गराउन हुदैन ।

(३) यस ऐन बमोजिम इजाजत प्राप्त व्यक्ति संस्था वा कम्पनीले कसैको पनि जीउज्यान वा सम्पत्तिमा हानी नोक्सानी वा क्षति हुने किसिमको कुनै पनि जलनशील पदार्थको चुहावट वा बिस्फोट गर्नु गराउनु वा घटना घट्ने घटाउने कार्य गर्नु गराउनु हुदैन ।

(४) यस दफा विपरित हुनेगरी कुनैपनि कार्य गर्नु गराउनु हुदैन ।

## ८. <u>विद्युत प्राधिकरण र नेपाल आयल निगमले अपनाउनु पर्ने सावधानी सम्बन्धि दायित्व</u>ः

(१) नेपाल विद्धुत प्राधिकरण, नेपाल आयल निगम वा प्रचलित कानून बमोजिम स्थापित हुने अन्य सोहि प्रकृतिका संस्था वा निकायले गर्ने कार्यहरु (जस्तैः हाइटेन्सन लाइनको निर्माण वा विस्तार, तार आदिको जडान मर्मत-सम्भार वा सोको संरचना निर्माण, भण्डारण,

ओसारपसार, विक्री वितरण) गर्दा सर्वसाधारणको सुरक्षा प्रत्याभूत हुनेगरी उच्च सतर्कता र होसियारी पुर्वक गर्नुपर्नेछ ।

(२) उपदफा (१) विपरित कुनैपनि कार्य गर्नु गराउनु हुदैन ।

**९. <u>एल पी ग्यास उद्योग व्यवसायीको दायित्वः</u>**

(१) इजाजत प्राप्त एल.पी. ग्यास उद्योगी व्यवसायीले त्यस्तो ग्यास वा ग्यासजन्य पदार्थको उत्पादन, प्रशोधन, भण्डारण, प्याकेजिङ्ग, बिक्रीवितरण वा ओसारपसार कानूनले तोकेको मापदण्ड भित्र रही उच्च सतर्कता र सावधानीपुर्वक गर्नु गराउनु पर्नेछ ।

(२) यस दफा विपरित हुनेगरी कुनैपनि कार्य गर्नु गराउनु हुदैन ।

**१०. <u>अन्य निकायले अपनाउनु पर्ने सावधानी सम्बन्धि दायित्वः</u>**

(१) सडक विभाग, दुग्ध विकास संस्थान, सुनचाँदी व्यवसायी, विधिविज्ञान प्रयोगशाला वा अन्य प्रयोगशालाहरु, कलकारखाना, अस्पताल, उद्योग लगायत अन्य सरकारी तथा निजी व्यवसायीले यस ऐनमा उल्लेख भएको व्यवसाय,कारोबार गर्दा दफा ६ र ७ मा उल्लेख गरिएका सुरक्षाका न्यूनतम मापदण्डहरुको पालना गर्नु पर्नेछ ।

(२) यस दफा विपरित हुनेगरी कुनैपनि कार्य गर्नु गराउनु हुदैन ।

**११. <u>प्राविधिक विषयको काम गर्ने निकाय कम्पनि, कर्मचारी र कामदारको दायित्वः</u>**

(१) विद्युतीय खम्बा वा तार जडान वा मर्मत, टेलिफोन, इन्टरनेट, वा टेलीभिजनको तार जडान, सडक कालो पत्रे वा ढलको निर्माण र मर्मत गर्ने, होटेल वा अन्य मनोरञ्जन सम्बन्धि व्यवसाय, स्विमिङ्ग पुल सञ्चालन गर्ने, सोलार वा हिटरको जडान र मर्मतसम्भार गर्ने वा सोको उपकरणहरु विक्रीवितरण गर्दा गराउदा, उच्च सतर्कता र होसियारी पुर्वक गर्नु गराउनु पर्नेछ ।

(२) यस दफा विपरित हुनेगरी कुनैपनि कार्य गर्नु गराउनु हुदैन ।

**१२. <u>खानी तथा रसायन सम्बन्धि व्यवसाय गर्नेको दायित्वः</u>**

(१) खानी तथा रसायन वा अन्य उत्खनन कार्य र बधशाला व्यवसाय सञ्चालन गर्दा गराउदा, उच्च सतर्कता र होसियारी पुर्वक गर्नु गराउनु पर्नेछ ।

(२) यस दफा विपरित हुनेगरी कुनैपनि कार्य गर्नु गराउनु हुदैन ।

**१३. <u>डढेलो र आगलागीबाट हुने जलन सम्बन्धि दायित्वः</u>**

(१) कसैको असावधानीको कारण लागेको डढेलो वा आगजनीले कसैको जीउज्यान, वा निजी वा सार्वजनिक सम्पत्तिमा पुग्ने हानी नोक्सानी वा क्षतिको दायित्व त्यसरी डढेलो वा आगजनी लगाउने व्यक्ति स्वयंमा रहनेछ ।

## परिच्छेद-५
## जलन पीडित उपचार सम्बन्धि विशेष व्यवस्था

**१४. जलन पीडित उपचार र आकस्मिक सेवाः**

(१) जलनका घटना वा दुर्घटनाका पीडितहरुलाई उपचारको लागि प्रत्येक जिल्लाका अस्पताल, प्रदेशमा प्रादेशिक अस्पताल र केन्द्रमा सरकारी र निजी क्षेत्रको स्वामित्वमा रहेका १०० शैयाभन्दा बढीका अस्पताल र मेडिकल कलेजहरूले आकस्मिक सेवा सहित कम्तीमा २% शैयाको व्यवस्था गर्नु पर्नेछ ।

(२) प्रत्येक जिल्लामा दफा (४) बमोजिमको समिति रहनेछ | सो समितिले घटनाको जानकारी पाउन साथ आपतकालीन उद्दारको लागी आवश्यकता अनुसार सुरक्षाकर्मी तथा अन्य निकायहरु तत्काल परिचालन गरी उद्दार तथा राहतको कार्य गर्नेछ |

(३) शरीर जलन सम्बन्धि घटनाबाट पीडितहरुमध्येका अपाङ्ग, असहाय, अशक्त, वृद्ध, एकल महिला, बालबालिकाको उपचारको लागि अस्पतालले दिने स्वास्थ्य उपचार शुल्कमा कम्तीमा ५०% छुटको व्यवस्था गर्नु पर्नेछ ।

(४) जलन पीडितहरुमध्ये गम्भीर अवस्थाका पीडितहरुको लागि सरकारले मानवोचित पुनर्स्थापनाको व्यवस्था गर्नुपर्नेछ ।

(५) जलन पीडितका एकाघरका सदस्यले शारीरिक, मानसिक, उद्वेग, आघात र पीडाको भोगाइ र अभावबाट गुज्रिनु परेको कारण जीवनको न्यूनतम र आधारभूत आवश्यकता पुरा गर्न नसकेको खण्डमा आर्थिक सहायता, मनोपरामर्श र शिक्षाको प्रत्याभूति गरी रोजगारी वा व्यावसायिक सुनिश्चितताको लागी सरकारले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ |

## परिच्छेद-६
## जलन बीमा सम्बन्धि व्यबस्था

**१५. जलन बीमाः**

(१) यस ऐन बमोजिम संचालन गरिने उद्योग, व्यापार व्यवसाय, कलकारखाना, निर्माण लगायतका सरकारी वा निजी उद्योग व्यवसायीले आफ्नो श्रमिकहरुको जलन दुर्घटना सम्बन्धि बीमा अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(२) कुनै रोजगारदाताले आफ्ना श्रमिकहरुको अन्य प्रचलित कानून अनुसार बीमा गर्नुपर्ने भएमा उपदफा (१) बमोजिमको जलन दुर्घटना बीमालाई त्यसरी गरिने बीमाको अभिन्न अंगको रुपमा लिईनेछ |

(३) जलन दुर्घटना बीमाको प्रिमियम रोजगारदाताले भुक्तानी गर्नेछ |

(४) प्रिमियम बीमा ऐन २०७९ मा तोकिए बमोजिम हुनेछ |

## परिच्छेद-७

## जलन पीडित राहत कोष सम्बन्धि व्यवस्था

**१६. जलन पीडित राहत कोषको स्थापनाः**

(१) संघीय स्तरमा देहाय बमोजिमको प्रधानमन्त्री जलन पीडित राहत कोष स्थापना हुनेछः

| | |
|---|---|
| (क) सचिव गृह मन्त्रालय | अध्यक्ष |
| (ख) प्रहरी अतिरिक्त महा निरीक्षक | सदस्य |
| (ग) सह-सचिव अर्थ मन्त्रालय | सदस्य |
| (घ) सह-सचिव स्वास्थ्य मन्त्रालय | सदस्य |
| (ङ) सह-सचिव गृहमन्त्रालय | सदस्य-सचिव |

(२) जलन पीडित राहत कोषमा देहायका रकमहरु प्राप्त हुनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान ।

(ख) विभिन्न व्यक्ति वा संघ, संस्थाबाट प्राप्त हुने सहयोग रकम ।

(ग) विभिन्न मुलुक वा दातृ निकायबाट प्राप्त हुने अनुदानको रकम ।

(घ) नेपाल विद्युत प्राधिकरणबाट अनिवार्य रुपमा प्राप्त हुने रकम ।

(ङ) नेपाल आयल निगमबाट अनिवार्य रुपमा प्राप्त हुने रकम ।

(३) राहत कोषको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ |

(क) पीडितको प्राथमिक उपचार

(ख) पीडितको उद्दार, राहत र पुनर्स्थापना

(४) राष्ट्रिय अपाङ्ग कोष अथवा राज्यको अन्य कुनै कोषबाट सुविधा प्राप्त गरिरहेको जलन पीडितले यस कोषबाट राहत सुविधा पाउने छैन ।

(५) कसैको नियतवश, जानीजानी, हानी नोक्सानी पुर्याउने वा लापरवाहीपुर्वक गरेको कार्यले जलन भएमा सो को उपचार, राहत र पुनर्स्थापना कार्यमा लागेको रकम सम्बन्धित पीडक पक्षबाट राज्यले सोधभर्ना गरी लिन सक्नेछ |

(६) आवश्यकता अनुसार प्रत्येक जिल्लामा तोकिए बमोजिमको जिल्ला स्तरीय जलन पीडित राहत कोषको स्थापना गरिनेछ |

**१७. राहत कोषको आर्थिक श्रोतः**

(१) राहत कोषको आर्थिक श्रोत देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकारबाट वार्षिकरुपमा प्राप्त हुने दश करोड रुपैयाँ,

(ख) नेपाल विद्युत प्राधिकरण र नेपाल आयल निगमको हकमा यी संस्थाहरुले राज्यलाई तिरेको करबाट १% मा नघट्ने गरी हुने रकम,

(ग) यस ऐन बमोजिम जलन तथा जलनशील पदार्थको परिभाषा भित्र पर्ने वस्तुहरुको उत्पादन, प्रशोधन, भण्डारण, वितरण, ढुवानी लगायतका कामहरु गर्ने व्यक्ति, कम्पनी,

फर्म, साझेदारी, सहकारी, संघ, संस्था तथा निकायहरुले राज्यलाई तिरेको करबाट ०.५% मा नघट्ने गरी हुने रकम,

(घ) नेपाल राष्ट्र बैंक मार्फत् नेपालमा बैंकिङ्ग कारोबारमा रहेको सम्पूर्ण निकायहरुको संस्थागत सामाजिक दायित्व कोषको लागि छुट्याइएको ०.५% मा नघट्ने गरी हुने रकम,

(ङ) मदिरा तथा सूर्तिजन्य पदार्थको करबाट उठेको ०.५% मा नघट्ने गरी हुने रकम|

## परिच्छेद-८

## कसुर र सजाय सम्बन्धि

**१८. कसुर गरेको मानिने:**

(१) कसैले यस ऐन विपरित देहायको कुनै काम गरे गराएमा जलन सम्बन्धि कसुर गरेको मानिनेछः

(क) कसैले जानाजानी ज्यान लिने वा अर्काको शरीरमा हानी नोक्सानी वा क्षति पुर्याउने उद्देश्यले वा त्यस्तो हानी नोक्सानी पुग्छ भन्ने जानीजानी जलन सम्बन्धि कुनै पदार्थ वा वस्तुको प्रयोग गरी हानी नोक्सानी गरेमा,

(ख) यस ऐनका विपरित कसैले घटना घटाएमा वा कुनै व्यक्ति, संस्था वा निकायको लापरवाही वा हेलचेक्राइको कारण जलन सम्बन्धि घटना घटेमा वा त्यस्तो कार्य गर्न गराउन दुरुत्साहन गरे गराएमा,

(ग) जलनशील पदार्थ, तेजाब, रसायनिक पदार्थ तथा बिष्फोटक पदार्थ प्रयोग गरी मानव शरीर वा कुनै अंग जल्ने, जलाउने, गल्ने गलाउने वा अन्य जुनसुकै तरिकाले हानी नोक्सानी पुर्याउने कार्यबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन, २०७४ को दफा ३(१) को अनुसूची बमोजिम वर्गीकरण गरिएको खण्ड (ख) बमोजिमको अपाङ्गता र असक्षमता गरे गराएमा,

(घ) तातोपानी, तातो दुध, तातो तेल, तातो झोल पदार्थ, तातो बाफ तथा यस्तै प्रकृतिका पदार्थहरु प्रयोग गरी जलन हुने कार्य गरे गराएमा,

(ङ) जानाजानी जंगल, घाँसेचौरमा आगो बढ्न सक्ने स्थानमा डढेलो लगाएमा वा अरुलाई लगाउन प्रोत्साहन गरेमा,

(च) अपराध गर्ने मनसाय नभएको तर घटना घट्न सक्ने सम्भावित विषयमा लापरवाही गरेको कारणले जलनको घटना घटेमा वा घटाएमा ।

**१९. सजायः**

यस ऐन बमोजिमको कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछ |

(१) कसैले दफा १८ (क) बमोजिम जानाजानी कसैको ज्यान लिने मनसायले जलनशील पदार्थ प्रयोग गरी कसैको ज्यान गएको रहेछ भने त्यस्तो कसुरदारलाई जन्म कैदको सजाय हुनेछ ।

(३) कसैले दफा १८ (ख) र (ग) बमोजिमको कसुर गरी कसैको शरीर अंग भंग पारेमा वा अति वा पूर्ण अशक्त अपाङ्ग बनाएमा कसुरको मात्रा अनुसार पाँच वर्ष देखि १० वर्षसम्म कैद र तीन लाख रुपैयाँ जरिवाना हुनेछ ।

(४) दफा १८ (ङ) को कसुर गरी मध्यम अपाङ्ग भएमा २ वर्ष देखि ५ वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिवाना हुनेछ।

(५) दफा १८ (च) को कसुर गरी सामान्य अपाङ्ग भएमा १ वर्ष देखि ३ वर्ष सम्म कैद र १ लाख रुपैयाँ सम्म जरिवाना हुनेछ।

(६) दफा १८ (छ) बमोजिम कसैले लापरवाहीपूर्वक काम गर्दा कसैको ज्यान गएको रहेछ भने १ वर्ष देखी ३ वर्ष सम्म कैद वा रु १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ|

(७) कसैले दफा ६,७,८,९,१०,११,१२,१३ ले तोकेको दायित्व विपरित कुनै कार्य गरे गराएमा ६ महिनादेखि १ वर्षसम्म कैद र रु १ लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

## परिच्छेद-९

## हदम्याद र क्षतिपूर्ति सम्बन्धि व्यवस्था

### २०. मुद्दा दायर गर्ने हदम्याद सम्बन्धि व्यवस्थाः

(१) यस ऐन अन्तर्गतको कसुर गर्नेको विरुद्धमा त्यस्तो घटना भए गरेको मितिले एक वर्ष भित्र उजुर गर्नु पर्नेछ ।

(२) यस ऐन अन्तर्गतको कसुर गर्ने उपर फौजदारी कसुरमा कारवाही चलाएको कारणले पीडित वा निजका परिवारले यस ऐन बमोजिम क्षतिपूर्तिको दाबी गर्नमा बाधा पारेको मानिने छैन ।

### २१. क्षतिपूर्ति सम्बन्धि व्यवस्थाः

(१) यस ऐन अन्तर्गतको दुष्कृतिजन्य कसुर गर्ने कसुरदारबाट पीडित र निजका परिवारलाई पर्न गएको दीर्घकालीन हानी नोक्सानी र पीडितले भोग्नु परेको पीडा र क्षति समेतको क्षतिपूर्तिको रकम दुष्कृति कानुनको सिद्धान्त अनुसार भराई लिन सक्नेछ ।

(२) दफा १८ (घ) बमोजिमका जलनको पिडितलाई परिपुरणको व्यवस्था गरिने छ |

(३) यस ऐन अन्तर्गतको कसुर मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-२ अनतर्गत कारवाही हुने कसुर मानिनेछ |

## परिच्छेद-१०

## रोकथाम र सचेतना

### २२. जलन रोकथाम र निवारण सम्बन्धि सचेतनाः

(१) यस ऐन बमोजिम गठन हुने जलन सुरक्षा र अनुगमन समितिले देहाय अनुसार स्थानीय तहसँग सहकार्य गरी जलन सुरक्षा सम्बन्धि कार्य नियमित रुपमा गर्नेछः

(क) जलन सम्बन्धि हुन सक्ने घटना र दुर्घटनाबाट जोगिनको लागि यस सम्बन्धि सुरक्षाको बारेमा शिक्षा, सचेतना, तालिम आदि विषयमा स्थानीय निकायका वडा र समुदायका प्रत्येक विद्यालयमा कम्तीमा वर्षको दुईपटक सचेतना र जागरूकता अभियान सञ्चालन गर्ने ।

(ख) सार्वजनिक शैक्षिक संस्थाहरूले जलन नियन्त्रण, सुरक्षा र यसको प्रभावबारे विद्यार्थीहरूलाई ज्ञान दिने र विषयगत विज्ञहरु देशमा उत्पादन गर्ने कार्यक्रमहरू विकास गर्ने र आफ्नो पाठ्यक्रममा जलन रोकथाम एवं निवारणका विषयहरूलाई समेत समावेश गर्नेछन् ।

(ग) सरकारी र निजी मेडिकल कलेज र १०० वा सोभन्दा बढी शैया भएका अस्पतालहरुले चिकित्सा शिक्षा आयोग, स्वास्थ्य मन्त्रालयको अनुमति लिएर विभिन्न समुदायमा गई कम्तीमा वर्षमा एक पटक जनसमुदायलाई जलन, यसका कारण, असर, यसको रोकथाम, सावधानीबारे शिक्षा तथा जनचेतनाका कार्यक्रमहरु गर्नेछन्।

(घ) जलन सम्बन्धि घटनाका पीडितहरुको उपचारमा खटिने र खटाइएका चिकित्सक, नर्स र अन्य कर्मचारीहरुलाई प्रत्येक अस्पताल तथा नर्सिङ्ग होमले कम्तीमा वर्षको दुई पटक जलन नियन्त्रण र उपचार र उद्दार तथा राहतको विधि सम्बन्धित तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु गर्नु पर्नेछ।

२३. <u>मानव शरीर जलनको जोखिम नियन्त्रण र सावधानी सम्बन्धि कार्यक्रम</u> :

(१) देहायका निकाय लगायत राज्यका अन्य अंग, व्यापारिक तथा व्यावसायिक प्रतिष्ठान, शैक्षिक तथा सामाजिक संघसंस्था तथा सरोकारवालाहरुले सचेतनामुलक कार्क्रमहरु गर्नु पर्नेछः

(क) प्रत्येक निजी र सरकारी विद्यालयले कम्तीमा महिनाको एकपटक जलन सम्बन्धित घटना र त्यसबाट जोगिने सुरक्षा सम्बन्धि शिक्षाको बारेमा विशेष सत्र सञ्चालन गर्नु पर्नेछ ।

(ख) प्रत्येक सञ्चार माध्यमहरूले आफ्नो सञ्चार माध्यमबाट जलन, यसका प्रभावहरू र यसका कारणहरूको बारेमा जागरूकता र जनचेतना बढाउने कार्य गर्नु पर्नेछ ।

## परिच्छेद-११
## <u>विविध</u>

२४. <u>नियम बनाउन सक्नेः</u>

यस ऐनको प्रावधानहरु र उद्देश्य प्राप्तिको लागि नेपाल सरकारले आवश्यक पर्ने नियम, कार्यविधि बनाई लागु गर्न सक्नेछ।

**२५. <u>निर्देशन दिन सक्नेः</u>**

पीडितहरुको मानसिक स्वास्थ्य, शिक्षा र रोजगारी व्यवस्थामा राज्यकोतर्फबाट राहत तथा सुविधा प्रदान गर्नको लागि मापदण्ड बनाउन मन्त्रालयले निर्देशन दिन सक्नेछ ।

**२६. <u>यसै ऐन बमोजिम हुनेः</u>**

यस ऐनमा उल्लेख गरिएका कसुरजन्य घटनाको हकमा यसै ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।